प.सं. ०७७/७८
च.नं. १५१८

मिति : २०७८/०३/३१

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार, काठमाण्डौ ।

विषय : संस्थाको नाम परिवर्तन भएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सारथी नेपाल लघुवित्त वित्तीय संस्था लि.को नाम परिवर्तन भई नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/२९ को निर्णय बमोजिम **नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड** अभिलेख भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

बोधार्थ :

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर
श्री सिडिएस एण्ड क्लियरिङ लि, पुतलिसडक, काठमाण्डौं

भवदीय,

राम बहादुर खड्का
प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ........................ शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७७/७८
चलानी नम्बर :- ६४३३२

मिति : २०७८-०३-२९

विषय :- कम्पनी अध्यावधिक, प्रिमियम शेयर निष्काशन स्वीकृती, नाम परिवर्तन र पूँजी वृद्धि सहितको प्रवन्ध पत्र/नियमावली संशोधन अभिलेख बारे ।

**नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड (लि. नं. १०८१)**
धुलिखेल नगरपालिका-३,काभ्रेपलान्चोक,३

त्यस कम्पनीले मिति २०७८/०१/२७ मा पेश गरेको निवेदन उपर कारवाही हुँदा उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७६/०७७ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व.सम्म कम्पनी अध्यावधिक रहेको साथै त्यस कम्पनीको मिति २०७८/०१/०३ मा सम्पन्न वार्षिक साधारण सभाको बैठकको निर्णय वमोजिम साविक कम्पनी ( सारथी नेपाल लघुवित्त वितिय संस्था लि. )को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (नयाँ सारथी लघुवित्त वितिय संस्था लि. )को कम्पनीले सकार्ने व्यहोर्ने साथै कम्पनीको नाम परिवर्तनको सम्वन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सो को प्रति यस कार्यालयमा पठाउने र कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने साथै नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी नयाँ सारथी लघुवित वितिय संस्था लि. कायम गर्न स्वीकृति प्रदान गरिएको छ। साथै कम्पनीको प्रिमियम मूल्यमा शेयर जारी गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा २९(४) अनुसार स्वीकृती प्रदान गरिएको गरिएको.छ ।

त्यस कम्पनीको मिति २०७८/०१/०३ मा सम्पन्न वार्षिक साधारण सभाको बैठकको निर्णय बमोजिम कम्पनीको साविकको अधिकृत तथा जारी पूँजीलाई निम्न बमोजिम वृद्धि गर्न स्विकृती प्रदान गरिएको छ । साथै कम्पनीको प्रबन्धपत्रको दफा १, ६ को खण्ड (ख) र ६ को खण्ड (ग) तथा नियमावली नियम १, ३२(ख) १ मा गरेको संशोधनलाई समेत अभिलेख गरी अभिलेखित संशोधनको १/१ प्रति यसै साथ पठाइएको व्यहोरा मिति २०७८/०३/२८ को निर्णयानुसार जानकारी गराइन्छ ।

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| जारी पूँजी रु | २६,६३,००,०००।– | २८,७९,१८,९४३।७८ |
| चुक्ता पूँजी रु | २६,६३,००,०००।– | २८,७९,१८,९४३।७८ |

(दिवाकर शर्मा)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री आन्तरिक राजस्व कार्यालय, काठमाण्डौं।
श्री नेपाल राष्ट्र बैंक , काठमाण्डौं।